# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०७९/०८०
च.नं. ३८३०

मिति २०८०।०२।८

विषय : योजना तर्जुमा गरी पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
बर्दघाट नगरपालिका

प्रस्तुत विषयमा आ.व. २०८०।०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि मिति २०८०।०२।०५ गतेको नगरकार्यपालिका वैठकबाट पारित भएको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना माग फारामको ढाँचा तथा वडागत बजेट सिलिङ्ग यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । स्थानीय समुदायको अधिकतम सहभागिता सहित योजना तर्जुमा गरी तोकिएको ढाँचामा मिति २०८०।२।२० गतेसम्म पठाउनुहुन अनुरोध गर्दछु ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :

- विषयगत समितिहरु (सबै)
- श्री नगरप्रमुखको सचिवालय । श्री नगर उपप्रमुखको सचिवालय
- श्री योजना शाखा । आर्थिक प्रशासन शाखा ।
- सूचना प्रविधि शाखा : वडा कार्यालयलाई ईमेल गर्न र वेवपेजमा अपलोड समेत गर्ने ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०७९/०८०
च.नं.

## वडास्तरीय योजना तथा कार्यक्रम तर्जुमाको लागि नमूना फाराम

| संकेत नम्बर | शीर्षक | योजना संचालन स्थल | आ.व. ०८०।०८१ को अनुमान |
|---|---|---|---|
| १० | आर्थिक विकास | | |
| १०१० | कृषि | | |
| १०२० | उद्योग तथा वाणिज्य | | |
| १०३० | पर्यटन | | |
| १०४० | सहकारी | | |
| १०५० | वित्तीय साक्षरता | | |
| २० | सामाजिक विकास | | |
| २०१० | शिक्षा | | |
| २०२० | स्वास्थ्य | | |
| २०३० | खानेपानी तथा सरसफाई | | |
| २०४० | सस्कृति प्रवर्द्धन | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | | |
| २०६० | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | | |
| ३० | पुर्वाधार विकास | | |
| ३०१० | स्थानीय सडक तथा पुल | | |
| | सडक कालोपत्रे | | |
| | सडक मर्मत | | |
| | कल्भर्ट निर्माण | | |
| | ह्युम पाईप | | |
| ३०२० | सिचाई | | |
| | नाली निर्माण | | |
| ३०३० | भवन तथा शहरी विकास | | |
| ३०४० | उर्जा (वैकल्पिक उर्जा) | | |
| | विद्युत पोल | | |
| ३०५० | सञ्चार प्रविधि | | |
| ४० | वातावरण तथा विपद् व्यवस्थापन | | |
| ४०१० | वन तथा भू संरक्षण | | |
| ४०२० | जलाधार संरक्षण | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४०५० | जल उत्पन्न प्रकोप  नियन्त्रण | | |
| ४०६० | विपत व्यवस्थापन | | |
| ५० | संस्थागत विकास तथा सेवा प्रवाह सुशासन | | |
| ५०६० | सुशासन प्रवर्द्धन | | |
| ५०७० | अनुसन्धान तथा विकास | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी

# सञ्चित कोषबाट विनियोजित रकमबाट वडा समितिलाइ दिइएको बजेट सिलिङ्ग

आ.व. २०८०।०८१

| वडा न | जनसंख्या (३० | विकास आवश्यकता (२५ | राजश्वको योगदान( २० | भुगोल( २५ | अंक भार अनुपात | समानिकरण | सुत्रगत वितरण | जम्मा रकम | आर्थिक विकास(२५ | सामाजिक विकास(२५ | पुर्वाधार विकास( ४० | बातावरण तथा विपद् व्यवस्थापन ( ५ | सूशासन तथा संस्थागत विकास (५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १।०५ | १।२० | १।२६ | ०।४० | ३।९१ | २५००००००।० | २३४६०००।० | ४८४६०००।० | १२११५००।० | १२११५००।० | १९३८४००।० | २४२३००।० | २४२३००।० |
| २ | २।५८ | २।१० | १।३९ | ८।७० | १४।७७ | २५००००००।० | ८८६२०००।० | ११३६२०००।० | २८४०५००।० | २८४०५००।० | ४५४४८००।० | ५६८१००।० | ५६८१००।० |
| ३ | ०।५१ | १।२० | ०।४२ | ०।३० | २।४३ | २५००००००।० | १४५८०००।० | ३९५८०००।० | ९८९५००।० | ९८९५००।० | १५८३२००।० | १९७९००।० | १९७९००।० |
| ४ | ६।२४ | ३।२० | ४।४४ | २।०१ | १५।८९ | २५००००००।० | ९५३४०००।० | १२०३४०००।० | ३००८५००।० | ३००८५००।० | ४८१३६००।० | ६०१७००।० | ६०१७००।० |
| ५ | १।५३ | १।३५ | १।१५ | २।६१ | ७।२४ | २५००००००।० | ४३४४०००।० | ६८४४०००।० | १७११०००।० | १७११०००।० | २७३७६००।० | ३४२२००।० | ३४२२००।० |
| ६ | ०।६० | १।२० | ०।६८ | ०।३० | २।७८ | २५००००००।० | १६६८०००।० | ४१६८०००।० | १०४२०००।० | १०४२०००।० | १६६७२००।० | २०८४००।० | २०८४००।० |
| ७ | ०।९९ | १।३० | ०।८५ | ०।२९ | ३।४३ | २५००००००।० | २०५८०००।० | ४५५८०००।० | ११३९५००।० | ११३९५००।० | १८२३२००।० | २२७९००।० | २२७९००।० |
| ८ | ०।६६ | १।१० | ०।५१ | ०।२७ | २।५४ | २५००००००।० | १५२४०००।० | ४०२४०००।० | १००६०००।० | १००६०००।० | १६०९६००।० | २०१२००।० | २०१२००।० |
| ९ | १।२० | २।०४ | ०।६१ | ०।१५ | ४।०० | २५००००००।० | २४००००००।० | ४९००००००।० | १२२५०००।० | १२२५०००।० | १९६००००।० | २४५०००।० | २४५०००।० |
| १० | १।७४ | १।४९ | १।३७ | १।०८ | ५।६५ | २५००००००।० | ३३९००००।० | ५८९००००।० | १४७२५००।० | १४७२५००।० | २३५६०००।० | २९४५००।० | २९४५००।० |
| ११ | १।१४ | १।३० | १।१९ | ०।८८ | ४।५१ | २५००००००।० | २७०६०००।० | ५२०६०००।० | १३०१५००।० | १३०१५००।० | २०८२४००।० | २६०३००।० | २६०३००।० |
| १२ | २।१३ | १।३० | १।२१ | १।०५ | ५।६९ | २५००००००।० | ३४१४०००।० | ५९१४०००।० | १४७८५००।० | १४७८५००।० | २३६५६००।० | २९५७००।० | २९५७००।० |
| १३ | २।५५ | १।३० | १।८१ | १।५४ | ७।२० | २५००००००।० | ४३२००००।० | ६८२००००।० | १७०५०००।० | १७०५०००।० | २७२८०००।० | ३४१०००।० | ३४१०००।० |
| १४ | ३।०० | १।६५ | १।४३ | १।१३ | ७।२१ | २५००००००।० | ४३२६०००।० | ६८२६०००।० | १७०६५००।० | १७०६५००।० | २७३०४००।० | ३४१३००।० | ३४१३००।० |
| १५ | २।०७ | १।३० | ०।८९ | ०।८३ | ५।०९ | २५००००००।० | ३०५४०००।० | ५५५४०००।० | १३८८५००।० | १३८८५००।० | २२२१६००।० | २७७७००।० | २७७७००।० |
| १६ | २।०१ | १।४० | ०।७९ | ३।३८ | ७।५८ | २५००००००।० | ४५४८०००।० | ७०४८०००।० | १७६२०००।० | १७६२०००।० | २८१९२००।० | ३५२४००।० | ३५२४००।० |
| | ३० | २५ | २० | २५ | १०० | ४०००००००।० | ५९९५२०००।० | ९९९५२०००।० | २४९८८०००।० | २४९८८०००।० | ३९९८०८००।० | ४९९७६००।० | ४९९७६००।० |

बजेट सिलिङ

२०८०।२।१८

## बर्दघाट नगरपालिका
## वडास्तरीय बजेट तर्जुमा मार्गदर्शन आ.व. २०८०।८१

### क) विषय प्रवेश :

सीमित स्रोत र साधनलाई अधिकतम उपयोग गरी स्थानीय सरकारको आर्थिक सामाजिक विकास गर्ने महत्वपूर्ण दस्तावेजको रुपमा बजेटलाई लिइन्छ। नागरिकहरुको अपेक्षाहरुको तुलनामा हाम्रो स्रोत र साधन सीमित रहेको छ । यो सीमित स्रोत र साधनलाई नागरिकको अधिकतम हित प्रवर्धन गर्ने गरी विनियोजन गर्नु पर्दछ । बजेटको विवेकशील विनियोजन नै आजको आवश्यकता हो । अर्थतन्त्रमा आएको संकुचन सँगै संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान राजस्व बाँडफाँड र समपूरक अनुदान समेत संकुचन भएको छ। यस अवस्थालाई ध्यानमा राखेर हामीले बजेटलाई अधिकतम विवेकशील भएर विनियोजन गर्नु पर्ने भएको छ ।

स्थानीय तहको निर्वाचन पछिको दोस्रो बजेटको रुपमा आ.व. ०८०/८१ को बजेट प्रस्तुत गर्दैछौं । गत वर्षभएको स्थानीय निर्वाचन पश्चात तुरुन्तै बजेट निर्माणमा जुट्नु पर्ने भएको यथेष्ट गृहकार्य गर्न भ्याईएको थिएन । यद्यपी कर्मचारी संयन्त्रको विज्ञताले बजेट राम्रो नै निर्माण भएको थियो । बजेटमा निर्माणमा नयाँ अनुभव भएको भएतापनि स्थानीय सरकारको लागि तोकिएको ढाँचा अनुसार तर्जुमा गर्दै सर्वसाधारणकालागि समेत वोधगम्य हुने गरी तर्जुमा भई कार्यान्वनमा आएको छ । सरोकारवालाहरुको अमूल्य सुझाव र परामर्शबाट नै गत वर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको थियो । हामीलाई विश्वास छ कि यो वर्ष पनि हाम्रो नगरलाई अझ उत्कृष्ट नगरको रुपमा स्थापित गर्न विषय केन्द्रित भएर विषयवस्तुहरु नदोहोर्याई सुझावहरु प्राप्त हुनेछन् भन्ने अपेक्षा राख्दछौं ।

### ख) बजेट तर्जुमा गर्दा हाम्रो व्यवहारिक अनुभव र मूल नीतिहरु

संघ प्रदेश र स्थानीय तह बीचको सहकारिता सह अस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ गुणस्तरीय सेवा प्रवाह गर्ने र लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नुका साथै स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्वतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने मूल ध्येय रहेको छ । यो मूल ध्येलाई मूर्त रुप दिनको लागि यहाँ उल्लेख गरिएका बुँदाहरुलाई बजेट निर्माणको मुख्य मार्गनिर्देशन मानिएको छ । नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र

नियमावली २०६४ का सान्दर्भिक तथा नियमहरु, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५, विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५, (प्रदेश सरकार), तराई मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि २०७५, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, (परिमार्जित), स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, सहस्राब्दी विकासका लक्ष्यहरु, बर्दघाट नगरपालिकाद्धारा निर्माण गरिएका ऐन, नीति, नियम, कार्यविधि, मापदण्डहरु,नगर कार्यपालिकाका निर्णयहरु, नगर सभाका निर्णयहरु, राजनैतिक नेतृत्वले प्रचलित कानूनको अधिनमा रही व्यक्त गरेका प्रतिवद्धताहरु, विकासका अन्तर सम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरुबाट सिर्जित दायित्वहरु, न्यायिक समितिको प्रतिवेदन,नगर अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन, नगरस्तरीय राजनैतिक दलका घोषणापत्रका केहि बुँदाहरु र स्थानीय राजनैतिक नेतृत्व, राजनैतिक समाज लगायत नागरिकहरुबाट विभिन्न सन्दर्भमा व्यक्त विचारहरु लगायतका सैद्धान्तिक तथा व्यवहारिक पक्षलाई बजेट तर्जुमा गर्दा आधार लिईएको छ । आजको छलफलमा उठेका विषयहरु समेत समावेश गरी आगामी बर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिने छ ।

**ग) वडागत वजेट बाँडफाँटका सूचकहरु :**

- हामीले वडा कार्यालयहरुको संस्थागत विकास गरी कानूनले दिएका जिम्मेवारी वडा तहबाट सम्पादन गर्ने दृष्टकोणका साथ कामहरु अगाडि बढाई रहेका छौ तदअनुसार देहायका सूचकका आधारमा वडागत बजेटको सिलिङ्ग तय गरिएको छ ।
- जनसंख्या, भूगोल, लागत सहभागिताको अवस्था, राजस्व परिचालनको वर्तमान अवस्था, राजस्व परिचालनको क्षमता, वडाको खर्चको आवश्यकता र औचित्यता, सामाजिक सांस्कृतिक विविधता मानव विकासको अवस्था लगायतका विषयहरु समेटिएका छन्।

**घ) <u>वडास्तरीय योजना तर्जुमा सम्बन्धी मार्गदर्शन/वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्दछ।</u>**

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्ने,
- प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने,
- बस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउने,

- टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल, वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (सहकारी, टोल विकास संस्था, आमा समूह, वाल क्लव/सञ्जाल, युवा क्लव, गैसस, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह) लाई पनि सहभागी गराउनु पर्नेछ ।

ङ) **योजना तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिने।**

१. **आर्थिक विकास सम्बन्धी (कृषि, सहकारी, पशुसेवा, सिचाई, उद्योग, पर्यटन र अन्य) :२५ प्रतिशत**

- **कृषि, पशुपालन, सहकारी, सिचाई :** कृषक समूह, कृषि सहकारी, कृषि विउविजन, नश्ल, मलखादलाई टेवा पुऱ्याउने । हाट वजारको पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रमहरु । कृषक क्षमता विकास तथा छाडा चौपाय नियन्त्रण कार्यक्रम, प्राङ्गारिक खेती तथा मलको प्रवद्र्धन । कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्य गर्ने । तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा संचालन गरिने कार्यक्रम, वडा भित्रका उत्कृष्ठ कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम । कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुन खालका । सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारका लागि सहकारीमा आवद्वता र वित्तीय साक्षरता कार्यक्रम । कृषियोग्य जमीन सिंचित हुने कार्यक्रम : इनार, ट्युवेल, भूमिगत सिँचाइका लागत साभेदारीमा आधारित लगायत नयाँ प्रविधिमा आधारित अन्य सिँचाइ कार्यक्रम, नदी उकास क्षेत्रको संरक्षण ।
- **पर्यटन प्रवर्धन कार्यक्रम :** स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्धन कार्यक्रम। थारु, मगर, गुरुङ्ग लगायतका संस्कृतिमा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरु ।
- **पशुपालन तर्फः** गाई, भैंसी, बङ्गुर र बाख्राको कृत्रिम गर्भाधान कार्यक्रम गरी उन्नत नश्लका पशुहरूको सङ्ख्यामा वृद्धि गर्ने कार्यक्रम । गाई/भैंसी/पाडा/पाडी बाच्छी पालन तथा संरक्षण कार्यक्रममा सहयोग पुऱ्याउने । पशुनश्ल सुधार कार्यक्रमलाई टेवा पुऱ्याउने ।
- स्थानीय कच्चा पदार्थमा आधारित **लघु तथा घरेलु उद्यमको प्रवर्धन** गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने

२. **वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी : ५ प्रतिशत**

- वडास्तरमा रहेका पानीको मुहान संरक्षण, तटवन्ध, नदी नियन्त्रण, सिँचाइ प्रणालीको निर्माण, संचालन र रेखदेख गर्ने कार्यक्रम । खाली क्षेत्रमा वृक्षारोपण, हरित क्षेत्र संरक्षण, बगैचा निर्माण गर्ने खालका कार्यक्रम एक घर एक फलफुल विरुवा रोपण कार्यक्रम । लागत सहभागितामा सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण कार्यक्रम । सार्वजनिक जग्गामा कृषि वन व्यवस्थापन र स्थानीय जनताको सहभागितामा कृषि वन

कार्यक्रम । वन पैदावारको उत्पादन गरी वन क्षेत्रमा हुने चापलाई न्यूनीकरण गर्दै कृषि तथा पशु विकासमा टेवा पुऱ्याउन र स्थानीय वातावरणीय सन्तुलन सम्बन्धी कार्यक्रम । वन नर्सरी स्थापना गर्ने कार्यक्रम । न.पा.को आर्थिक र प्राविधिक क्षमताले गर्न सक्ने वन वातावरण संरक्षण र सम्वर्धन कार्यक्रम विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजनाहरु, स्थानीय आपतकालिन कार्यसंचालन सम्बन्धी कार्यक्रम । वडा कार्यालयलाई वातावरणमैत्री बनाउने कार्यक्रम ।

- नदि खोला खोल्सा र खहरेबाट कटान डुवान भइ क्षतिग्रस्त हुन पुगेका जमिन तथा जोखिममा परेका क्षेत्रहरुको संरक्षण गर्न र वस्ती भित्र पानी पस्ने समस्याको सामाधान गर्न ढल तथा नाला व्यवस्थापन खोला सफाई गरि पानीको निकाशको समुचित प्रबन्ध गर्ने प्रकृतिका योजनाहरु ।
- विपद्का कारणबाट पूर्वाधार विकासका योजनाहरुमा ठूलो क्षेति हुनबाट रोक्न विगतमा निर्माण सम्पन्न भै क्षतिग्रस्त भएका पुल, कल्भर्ट, ग्याविन, जस्ता संरचनाको आपताकालिन मर्मत सम्हारका लागि पहिलो प्राथमिकता दिई बजेटको व्यवस्था गर्ने।

३. **सामाजिक क्षेत्र संग सम्बन्धित (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, स्थानीय कला, संस्कृति,**

**स्वास्थ्य तथा सरसफाई : २५ प्रतिशत**

- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन चिसापानी अस्पताल तथा सवै वडा स्तरमा रहेका स्थानीय स्वास्थ्य संस्था तथा खोप केन्द्रहरुमा पूर्वाधार, औषधी, स्वास्थ्य उपकरणहरु व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गर्न्े
- नगरपालिकाले अभियानाको रुपमा सन्चालन गरेका सरसफाई सचेतनाको अभिवृद्धि र फोहोरमैलाको व्यवस्थापन (फोहोरमैला संकलन पुनःउपभोग प्रशोधन र विसर्जनलाई टेवा पुर्याउने खालका (यस्ता कार्यक्रम प्रस्ताव गर्दा गल्ने र नगल्ने फोहोरलाई छुट्टिने कुराको सुनिश्चित हुने पर्ने )
- शहरी स्वास्थ्य र गाउँघर क्लिनिक सेवा संचालनका लागि आधारभूत रुपमा टेवा पुर्याउने,
- किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer education), प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्ने कार्यक्रम ।
- ल्याब संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम ।
- जनस्वास्थ्य सँग सम्बन्धित सेवा प्रभावकारी बनाउन महिला स्वयम सेविका परिचालनको लागि बजेट व्यवस्था गर्ने
- **खानेपानी तथा सरसफाई :** सरसफाई सचेतनाको अभिवृद्धि र फोहोरमैलाको व्यवस्थापन (फोहोरमैला संकलन पुनःउपभोग प्रशोधन र विसर्जनलाई टेवा पुर्याउने खालका (यस्ता कार्यक्रम प्रस्ताव गर्दा गल्ने र नगल्ने फोहोरलाई छुट्टिने कुराको सुनिश्चित हुने पर्ने । नगरपालिकाले अभियानात्मक रुपमा अगाडि सारेका कार्यक्रम नगर सरसफाई र हरियाली

प्रवर्द्धन, गल्ने फोहोर नगल्ने फोहोर व्यवस्थापन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम प्राथमिकतामा राखे ।

- **स्थानीय कला, संस्कृति, भाषा संरक्षणः** धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सर्वद्धन गर्ने कार्यक्रम । मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने कार्यक्रम । वडास्तरीय भाषा संस्कृति संरक्षण र प्रवर्द्धन,
- **शिक्षा खेलकुद तथा सीप विकास :** हाम्रो विद्यालयको सुन्दरता र सरसफाईका लागि हरेक दिन मेरो दुई मिनेट अभियानलाई सहयोग पुर्याउने कार्यक्रम। विद्यालय शिक्षा सुधार अभियानलाई टेवा पुर्याउने कार्यक्रम। प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, व्यवस्थित कक्षा कोठाको निर्माण । सामुदायिक विद्यालयहरुका पूर्वाधार तथा ईसिडि कक्षा व्यवस्थापन र स्थानीय स्रोत समेत परिचालन गरी विद्यालय तारवार कार्यक्रम । स्थानीय स्रोत सहितको विद्यार्थी भर्ना अभियानलाई टेवा पुर्याउने कार्यक्रम । शिक्षकहरुको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम । खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन र विकास गर्ने खालका योजनाहरुलाई आवश्यकताको आधारमा समेटन सकिने ।
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्दि गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक तथा खेलकुदका सामाग्री, प्रयोगशाला, शुद्द खानेपानी, छात्र-छात्राको लागी अलग अलग शौचालय, सरसफाई, इन्टरनेट, कम्प्युटर, पुराना भवन मर्मत तथा रंग रोगन, शिक्षकको लागि अनुदान आदिको व्यवस्थाको लागि रकम विनियोजन गर्ने
- **स्वास्थ्य तथा पोषण :** आधारभूत स्वास्थ्य सेवा संचालनमा सहयोग पुर्याउने कार्यक्रम । जनस्वास्थ्य सेवाको प्रवर्धन कार्यक्रम । आधारभूत ल्याब संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम । स्वास्थ्य संस्थाहरुको आधारभूत क्षमता अभिवृद्धि र संस्थागत विकास कार्यक्रम । किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer education), प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्ने कार्यक्रम ।
- **महिला बालबालिका र लक्षित बर्ग (समावेशी विकास विकास) :** जेष्ठ नागरिक क्लव, भेटघाट स्थलको निर्माण, संरक्षण, व्यवस्थापन, बाल अपांग तथा जेष्ठ नागरिकमैत्री पार्क र सेवाकेन्द्र निर्माणका आयोजनाहरु, महिला, बालबालिका, आदिवासी, जनजाती, दलित तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र रोजगार सिर्जना गर्ने, क्षमता अभिवृद्धि हुने । बालविवाह बहुविवाह लैङ्गिक हिँसा छुवाछुत दाइजो बालश्रम मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गराउने कार्यक्रम । महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथाम नियन्त्रण र व्यवस्थापन ।

४. **पूर्वाधार विकास क्षेत्र संग सम्बन्धीत (सडक, पुल, खानेपानी भवन, विद्युत, सिँचाइ आदी) ४० प्रतिशत**

- **पूर्वाधार तर्फ** : विगतका अधुरा योजनालाई सम्पन्न गर्नको लागि प्राथमिकता दिने । अधिकतम लागत सहभागिता जुट्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिने । एक आ.व. मा सम्पन्न हुने खालका आयोजनाहरुलाई । आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने योजनाहरुको सुरुमा नै ल.ई. तयार गरी ल.ई. का आधारमा वजेट विनियोजनको व्यवस्था गर्ने । विद्यालयको भौतिक सुधारका लागि प्राथमिकता दिने । पिछडिएका बस्तीहरुमा विद्युत वितरण कार्यक्रम। बाल उद्यान निर्माण र मर्मत सम्भार
- वडा कार्यालय स्वास्थ्य संस्था विद्यालय कृषि सेवा केन्द्र साप्ताहिक हाटबजार संग जोडिएका सडकलाई स्तरोन्नती गर्न प्राथमिकता दिने
- सडक निर्माण गर्दा जग्गा वर्गिकरण प्रतिवेदनमा आवास र व्यावसायीक क्षेत्रको रुपमा पहिचान भएका क्षेत्रका सडक तथा नक्सा अनुसारको सडक तथा ६ मी भन्दा वढी चौडाईको सडकमा मात्र बजेट विनियोजन गर्ने ।
- नापी नक्सामा भएका कूलो राजकूलो खोल्सा खोला पोखरी इत्यादी सार्वजनिक स्थल जनाईएका स्थानबाट बाटो निर्माण गर्न बजेटको व्यवस्था नगर्ने ।
- एउटै वडामा २ वटा भन्दा वढी सामुदायिक भवनमा लगानी नगर्ने ।
- स्थानीय खानेपानी समिति संगको सहकार्यमा गर्न सकिने खानेपानी पूर्वाधारका कृयाकलापहरु
- विद्युत पोल तार खरिद तथा सोलार प्रविधि जडान संग सम्बन्धीत योजनाहरु

(५) **सुशासन तथा संस्थागत विकास सम्बन्धीः ५ प्रतिशत**

- स्थानीय सेवा तथा जनशक्ति ब्यबस्थापन, सङ्गठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन,तथ्यांक प्रणाली तथा योजना र विकास व्यवस्थापन, नीति कानून, न्याय तथा सुशासन प्रवद्धन संग सम्बन्धीत क्षेत्रहरु
- नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाबाट प्रवाह हुने सेवा प्रवाह तथा सामुदायिक विद्यालयको पठनपाठनलाई थप प्रभावकारी बनाउन गर्नु पर्ने कार्यहरु तथा विभिन्न सफ्टवेयर प्रविधिको प्रयोग गरी सकेसम्म सूचना प्रविधि मैत्री बनाउनको लागि आवश्यक बजेट व्यवस्था गर्ने ।

अन्त्यमा :

१. विगतका अधुरा योजनालाई सम्पन्न गर्नको लागि प्राथमिकता दिने ।
२. अधिकतम लागत सहभागिता जुट्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिने।
३. एक आ.व. मा सम्पन्न हुने खालका आयोजनाहरुलाई ।
४. कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुन खालका ।

५.	वन वातावरण संरक्षण र सम्वर्धन गर्ने खालको, न.पा. को आर्थिक र प्राविधिक क्षमताले गर्न सक्ने खालको, आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने योजनाहरुको सुरुमा नै ल.ई. तयार गरी ल.ई. का आधारमा वजेट विनियोजनको व्यवस्था गर्ने ।

६.	पूर्वाधारका योजनाहरु छनोट गर्दा ५ लाख भन्दा कम लागतका आयोजना छनोट नगर्ने । ५० लाख बजेट सिलिङ्ग प्राप्त गर्ने वडाले कम्तिमा १० लाखको, १ करोड सम्म बजेट सिलिङ्ग हुने वडाले कम्तिमा १५ लाखको र १ करोड भन्दा माथी बजेट सिलिङ्ग हुने वडाले कम्तिमा २० लाखको वडा गौरबको योजना छनोट गर्ने यस्तो वडा गौरबको योजनालाई नगरले समेत थप बजेट उपलव्ध गराउने। साना मर्मत सम्हार र आकस्मिक कोषको रुपमा प्रत्येक वडाले २ देखी ५ लाख बजेट व्यवस्था गर्ने ।

- राजस्व परिचालन गर्न सहयोग पुर्याउने कार्यक्रमहरु ।
- बर्दघाटका बाह्र अभियानलाई टेवा पुर्याउने कार्यक्रमहरु
- टोल विकास समितिको लागि आवश्यक बजेट सम्बन्धित वडा कार्यालयले व्यवस्था गर्ने
- शिक्षकको तलव भत्तामा विनियोजन हुने रकममा दोहोरोपना हुन नदिने।
- **खर्च गर्न निषेध गरिएका कार्यक्रम** : चन्दा, पुरस्कार, पत्रपत्रीकामा शुभकामना लगायत काम वेगरका विज्ञापन, क्यालेण्डर छपाई, विभिन्न प्रकारका अवलोकन भ्रमण, वितरणमुखी कार्यक्रमहरु ।
- **योजनासँग पठाउनु पर्ने कागजातहरु** : नगरपालिकाले उपलब्ध गराएको फाराममा उल्लेख भए अनुसारको ढाँचामा तयार गरिएका योजनाहरु । वडा अध्यक्षले प्रमाणित गरेको कभरिङ्ग लेटर । वडा समितिको बैठकको निर्णय । टोल विकास समितिहरुको उपस्थिति सहित वृहत भेलाको माईन्यूट । फारम भर्दा युनिकोड कालिमाटी १२ र अंकमा Fontacy Himali TT Font प्रयोग गर्ने ।